# इकाईद्धारा सूचक संस्थाहरुसँग पृष्ठपोषण र अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०८२ पुस १ गते मंगलबार काठमाडौं, ठमेल स्थित Aloft होटलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र पृष्ठपोषण सम्बन्धमा सूचक संस्थाहरु, सम्बन्धित नियमनकारी निकायहरु, विभिन्न सूचकसंस्थाका एसोसिएसनहरुको सहभागितामा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल राष्ट्र बैंकले नियमन गर्ने “क”, “ख”, “ग”, “घ” बर्गका बैंक तथा वित्तीय संस्थाहरु, भुक्तानी कार्यसँग सम्बन्धित संस्थाहरु, नेपाल बीमा प्राधिकरणले नियमन गर्ने जीवन बीमा, निर्जीवन बीमा र लघु बीमा कम्पनीहरु, धितोपत्र बोर्डले नियमन गर्ने ब्रोकर कम्पनी, मर्चेन्ट बैंकर्स, भेन्चर क्यापिटल लगायतका संस्थाहरु, सहकारी क्षेत्रबाट नेपाल राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय बचत तथा ऋण केन्द्रीय संघ, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक, नेपाल रेमिटर्स एसोसियसन, विदेशी मुद्रा सहटी व्यवसायी संघ र तिनका नियामकहरु क्रमश नेपाल राष्ट्र  बैंक, नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र आयोजक वित्तीय जनकारी इकाई लगायत ५० भन्दा बढी संस्था तथा निकायहरुबाट १०० भन्दा बढी कार्यान्वयन अधिकारी, सुचना प्रविधि विभागका अधिकारी र इकाईका कर्मचारी लगायतका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



कार्यक्रममा इकाई र क्षेत्रगत रुपमा सूचक संस्थाहरुका प्रतिनिधिबाट कुल चारवटा कार्यपत्र प्रस्तुत भएका थिए । कार्यक्रममा बैंक तथा वित्तीय क्षेत्रको तर्फबाट नेपाल बैंकर्स संघ AML/CFT कमिटीका संयोजक चन्दन रौनियार र सहसंयोजक सगुन पाठकले संयुक्त रुपमा प्रस्तुती दिनुभएको थियो । उहाँहरुले सम्पत्ती शुद्धीकरण निवारणका क्षेत्रमा काम गर्दा बैंक तथा वित्तीय संस्थाले भोग्नुपरेका समस्याबारे चर्चा गर्दै नियामक र इकाईलाई पृष्ठपोषण प्रदान गर्नुभयो । त्यसैगरी बीमा क्षेत्रबाट निर्जीवन बीमा कम्पनीहरुको तर्फबाट शिखर इन्सुरेन्सका कार्यान्वयन अधिकारी ओजश्वी श्रेष्ठ, जीवन बीमाको तर्फबाट नेपाल लाईफ इन्सुरेन्सका कार्यान्वयन अधिकारी ओमप्रकाश पुडासैनी र लघु जीवनबीमाको तर्फबाट लिबर्टी माइक्रो लाईफ इन्सुरेन्सका कार्यान्वयन अधिकारी रबी सर्राफले छुट्टाछुट्टै प्रस्तुती दिनुभएको थियो । धितोपत्र तर्फको प्रतिनिधित्व गर्दै नेपाल स्टक ब्रोकर्स एसोसिएसनका उपाध्यक्ष नितेश कुमार अग्रवालले प्रस्तुती दिनुभएको थियो । सबै क्षेत्रका प्रस्तोताहरुले Suspicious Transaction/Activity Reporting मा निहित क्षेत्रगत समस्याहरु, नियामक र इकाइले जारी गर्ने नीति/निर्देशनमा आवश्यक सुधारका विषयवस्तु, goAML रिपोर्टिङमा भएका चुनौतीहरू,




असल अभ्यासहरू, आ—आफ्नो क्षेत्रसँग सम्बन्धित APG Nepal’s Mutual Evaluation, 2023 ले औंल्याएका सुधार गर्नुपर्ने पक्ष र हालसम्मको प्रगति बारे प्रस्तुती दिनुभएको थियो। कार्यक्रममा इकाईको तर्फबाट उपनिर्देशक सचिन राज पियाले इकाईमा प्राप्त शंकास्पद कारोबार विवरणको विश्लेषणका क्रममा प्राप्त सुझाव, अनुसन्धानकारी तथा कानुन कार्यान्वयन गर्ने निकायले दिएको सुझाबका आधारमा समग्र र क्षेत्रगत पृष्ठपोषण सहितको प्रस्तुती दिनुभएको थियो ।

इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले सहभागीहरुलाई स्वागत गर्दै अन्तरक्रियाको उद्देश्यमाथि प्रकाश पार्नुभएको सो कार्यक्रममा प्रस्तुती र सहभागीका जिज्ञासाउपर सम्बन्धित नियामकका प्रतिनिधिले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा इकाई प्रमुख वासुदेव भट्टराईले सूचक संस्थाको महत्व र भुमिका, पृष्ठपोषणले यस प्रणालीमा पार्ने सकारात्मक प्रभाव, APG Nepal’s Mutual Evaluation, 2023 ले औंल्याएका सुधार गर्नुपर्ने विषयमा हालसम्म भएका प्रगति र अन्तरनिकाय सहकार्य बारे चर्चा गर्दै सहभागीका जिज्ञासा सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण इकाईका सहायक निर्देशक कमल पौडेलले गर्नुभएको थियो ।

